त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY

Phone No.: 071-570205
Phone/Fax : 071-572931
E-mail : bhairahawabahumukhicampus@gmail.com

# भैरहवा बहुमुखी क्याम्पस
# BHAIRAHAWA MULTIPLE CAMPUS

*Accredited by University Grants Commission (UGC), Nepal, (2023)*

विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत, (२०८०)

सिद्धार्थनगर, रूपन्देही, नेपाल
Siddharthanagar, Rupandehi, Nepal
website: www.bmc.tu.edu.np

मिति :२०८२/०९/१६

## Bachelor Level को त्रि.वि.दर्ता फारम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

यस क्याम्पसमा शैक्षिक सत्र ०८२/०८३ स्नातक तह प्रथम वर्षमा भर्ना भई अध्ययन गरिरहेका सम्पूर्ण विद्यार्थीहरूले त्रि.वि.दर्ता फाराम **मिति २०८२ माघ २५** गतेसम्म भर्न भनि गरिएको सूचनामा त्रि.वि. कार्यकारी परिषद्को मिति २०८२/०९/१२ गतेको निर्णय र त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय, बल्खुको मिति २०८२/०९/१५ गतेको संशोधित सूचना अनुसार सम्पूर्ण विद्यार्थीहरुले त्रि.वि दर्ता फाराम मिति **पौष २५ गतेसम्म** **Student Online Portal** (https://student.tuexam.edu.np) **मार्फत** भरि परीक्षा शाखामा बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

त्रि.वि.दर्ता फाराम नभरेका विद्यार्थीहरूले परीक्षा फारम भर्न नपाउने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**त्रि.वि. दर्ता फारम भर्नका लागि निम्न कागजातहरू पेश गर्नु पर्ने :**

१. क्याम्पस पोशाकमा हालसालै खिचिएको फोटो २ प्रति
२. SLC/SEE को लब्धाङ्क पत्र, प्रमाणपत्र र चारित्रिक/स्थानान्तरण पत्रको प्रतिलिपि थान १
३. बोर्डबाट प्राप्त प्रमाणपत्रको प्रतिलिपी थान १
४. विद्यालयबाट प्राप्त चारित्रिक/स्थानान्तरण पत्र प्रतिलिपी थान १
५. +2 को ट्रान्सक्रिप्टको प्रतिलिपि थान १
६. +2 को चारित्रिक/स्थानान्तरण पत्र प्रतिलिपि थान १
७. +2 को प्रोभिजनल प्रमाणपत्रको प्रतिलिपि थान १
८. +2 को माईग्रेशन प्रमाणपत्रको सक्कल थान १
९. विदेशी बोर्डको हकमा Equivalent Letter समेतको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

..............................
लक्की प्रसाद जोशी
क्याम्पस प्रमुख

# भर्ना समूह २०८२ (2025) सालको त्रि.वि.रजिष्ट्रेसन सम्बन्धी संशोधित सूचना

(पुन: प्रकाशित मिति २०८२।०९।१५)

त्रि.वि.अन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा शैक्षिक वर्ष २०८२ (2025) मा अध्ययन गर्ने सम्पूर्ण तहका विद्यार्थीहरुको Online मार्फत त्रि.वि.रजिष्ट्रेशन गर्नुपर्ने भएको हुँदा सबै क्याम्पस/कलेजहरूलाई विद्यार्थी स्वयं मार्फत देहाय अनुसार गर्ने गरी Online त्रि.वि.रजिष्ट्रेशन फाराम भराउनको लागि मिति २०८२।०९।०१ गतें प्रकाशित गरिएकोमा त्रि.वि.कार्यकारी परिषद्को निर्णय अनुसार यो संशोधित सूचना प्रकाशित गरिएको छ ।

- रजिष्ट्रेशन गर्ने सन्दर्भमा त्रि.वि.कार्यकारी परिषद्को मिति २०८२ पौष १२ गते बसेको बैठकको निर्णय नं. २७२ अनुसार **"त्रि.वि.रजिष्ट्रेसन फाराम भर्ने समयावधि क्याम्पस भर्ना हुने म्याद समाप्त भएको मितिले ३० (तीस) दिन"** मात्र कायम गर्ने निर्णय भएको र त्रि.वि.को शैक्षिक कार्यपात्रो अनुसार शैक्षिक सत्र २०८२ (2025) को लागि स्नातक तहको भर्ना अवधि २०८२ मंसिर मसान्तसम्म निर्धारण भएको हुनाले स्नातक तहमा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरुको त्रि.वि.रजिष्ट्रेसन २०८२ पौष मसान्तसम्ममा Online मार्फत भराई सो वापत लाग्ने दस्तुर सहित सोही मिति भित्र सम्बन्धित क्षे.प.नि.का./परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा बुझाउने व्यवस्थाका लागि यो संशोधित सूचना प्रकाशित गरिएको छ । तोकिएको मिति पश्चात् रजिष्ट्रेसन गरिने छैन ।

- शुल्कको हकमा विदेशी विद्यार्थीको लागि रु.१०००।- र स्वदेशी विद्यार्थीको लागि रु.५००।- हुनेछ ।

**पुनश्च :**

१) विद्यार्थीले Online Portal मार्फत रजिष्ट्रेसन फाराम भरी SEE/SLC, +2 तहका सम्पूर्ण ट्रान्सक्रिप्टहरु Upload गरी सम्बन्धित क्याम्पसमा submit गर्नु पर्नेछ र क्याम्पसले उक्त फाराममा संलग्न कागजपत्रहरु रुजु गरी सबै ठीक भएमा तोकिएको शुल्क सहित परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा Submit गर्नु पर्नेछ ।

२) विद्यार्थीले रजिष्ट्रेशन फाराम बुझाईसकेपछि प्रथम वर्षको परीक्षा संचालन नभएसम्म कुनै पनि माइग्रेसन नदिने भएकाले क्याम्पस/कार्यालयहरुले विद्यार्थीहरुलाई माइग्रेसनको लागि सिफारिस नदिन हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

३) क्याम्पस/कार्यालयहरुले रजिष्ट्रेसन फाराम बुझाउँदा फारामको संख्या बमोजिमको रकम मात्र भुक्तानी भएको हुनुपर्ने अन्यथा बढी भुक्तानी भएको रकमलाई पछि प्राप्त हुन आउने रजिष्ट्रेशन फाराममा मिलान गरिने छैन ।

४) रजिष्ट्रेशन फाराममा संलग्न गर्नुपर्ने कागजातहरु SEE/SLC वा सो सरहको मार्कसीट, Character Certificate, Provisional Certificate को प्रतिलिपि सहित Original Migration र विदेशी बोर्डको हकमा Equivalent Letter समेतको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । स्नातकोत्तर तहको रजिष्ट्रेशन फारामको हकमा अन्तिम पास level को सम्पूर्ण सर्टिफिकेटहरु थप समावेश गर्नुपर्नेछ । भर्ना समूह २०८२ (2025) को लागि विद्यार्थीहरु भर्ना गर्दा क्याम्पसहरुले सन् 2025 पछाडि उत्तीर्ण भएका विद्यार्थीहरुलाई भर्ना नगर्नु हुन र माथि उल्लेखित Criteria नपुगी फाराम बुझाएमा उक्त फारामको पुन: शुल्क लाग्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

५) क्याम्पस/कार्यालयहरुले २०८२ को रजिष्ट्रेशन फाराम विद्यार्थीहरुबाट Submit भएको विवरण प्रमाणीकरण गरी Online र रुजु सम्बन्धित क्याम्पस/कार्यालयबाट गर्नुपर्नेछ ।

परीक्षा नियन्त्रक